नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

सिंहदरबार, काठमाडौं

नेपाल ।

पत्र संख्या:-

चलानी नं.:-

प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाह र मलेसियाका समकक्षी अनवर इब्राहिमबीच मिति २०८३/०६/०६ मा भएको टेलिफोन वार्ताको संवादपछि मलेसियाको श्रम क्षेत्रका सन्दर्भमा यस मन्त्रालयका माननीय मन्त्री रामजी यादव र मलेसियाको Ministry of Human Resource का माननीय मन्त्री Datuk Seri R. Ramanan (Ramanan Ramakrishnan) बीच आज मिति २०८३/०६/०८ मा टेलिफोन संवाद भयो। उक्त संवादमा मलेसियामा कार्यरत नेपाली श्रमिकहरुको हित र मलेसियामा अवलम्बन गर्ने भनिएको रोजगार प्रणालीका सम्बन्धमा कुराकानी भयो।

संवादका क्रममा माननीय मन्त्रीज्यूले मलेसिया सरकारले आफ्नो तर्फबाट लागू गरेको FWCMS (Foreign Worker Centralised Management System) मा सूचिकरण भएका भनिएका नेपालका २५ वटा प्रिन्सिपल एजेन्सी र सो अन्तर्गत रहने गरी छनौट भएका २५० वटा Supporting/ Associate Agency का सन्दर्भमा नेपालको वैदेशिक रोजगार सम्बन्धी कानुन उद्धृत गर्दै नेपाल सरकारबाट मान्यता प्राप्त सबै इजाजतपत्र प्राप्त संस्थाले गन्तव्य मुलुकमा निर्वाध र समान रुपमा श्रमिक पठाउने प्रावधान रहेको उल्लेख गर्नुभयो। हाल सक्रिय रहेका ११०० भन्दा बढी इजाजतपत्र प्राप्त संस्थाले काम गरिरहेको जानकारी गराउदै नेपाल सरकारबाट इजाजतपत्र प्राप्त सबै संस्थालाई सो प्रणालीमा सूचीकरणका लागि अवसर उपलब्ध गराउन अनुरोध गर्नुभयो। साथै, नेपाल सरकार र मलेसिया सरकारबीच भएको श्रम सम्झौतामा समेत नेपाल सरकारबाट इजाजतपत्र प्राप्त संस्थाले मलेसियामा समान हैसियतमा नेपाली कामदार पठाउन पाउने प्रावधान रहेको स्मरण गराउदै सो प्रणालीमा इजाजतपत्र प्राप्त संस्थाको सूचीकरण दुईपक्षको समझदारी र दुवै पक्षलाई मान्य हुने गरी कार्यान्वयनमा लगिनुपर्ने उल्लेख गर्नुभयो। यस सन्दर्भमा विकसित अवस्था व्यवस्थापनका लागि संवादलाई निरन्तरता दिन र संवादबाट नै निष्कर्ष निकाल्नका लागि अनुरोध गर्नुभयो। यस क्रममा मलेसियाका माननीय मन्त्रीज्यूले समेत संवादबाट नै निष्कर्षमा पुग्न सकिने बताउदै मलेसिया सरकारले नेपालसँगको श्रम सम्बन्धलाई उच्च प्राथमिकतामा राखेको र मलेसिया सरकार समेत सुरक्षित, मर्यादित र पारदर्शी श्रम आप्रवासनका पक्षमा रहेको जानकारी दिनुभयो। साथै, उहाँले मलेसिया सरकार सदैव नेपाल सरकारको साथमा रहने र हाल लागू गरिएको प्रणालीका सम्बन्धमा नेपालमा विकसित अवस्था र नेपालको अनुरोधलाई उच्च गन्तव्यमा छलफलमा राख्ने बताउनु भएको विषय सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

मितिः २०८३/०६/०८

नेपाल संवत् ११४६ अंलाथ्व त्रयोदशी

(मिरा आचार्य)

सहसचिव/प्रवक्ता

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्री नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोनः- ११४१, ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेव साईटः- www.moless.gov.np